# बोगटान फुड्सिल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चवराचौतारा, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या :- ०७६।०७७
चलानी नं. :- .........

मिति: २०७६।१२।१८

## प्रेस विज्ञप्ति

बिश्वव्यापी महामारीको रुप लिइरहेको कोरोना भाइरस (COVID-19) संक्रमण बिश्वको धेरै मुलुकमा फैलिरहेको परिप्रेक्ष्यमा गाउँपालिका भित्र कोरोना भाइरसको रोकथाम र नियन्त्रणका लागि नियमित रुपमा साबुन पानीले हात धुने, खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने , जंगली र घरपालुवा पशुपंक्षी संगको असुरक्षित सम्पर्कबाट टाढा रहने , ज्वरो आउने, खोकी लाग्ने ,सास फेर्न गाह्रो हुने जस्ता लक्षण देखिएमा नजिकैको स्वास्थ्य संस्थामा परामर्श लिने, हात नमिलाउने, अंकमाल नगर्ने जस्ता कार्य गर्न हुन सम्पूर्ण गाउँपालिका बासीमा अनुरोध छ ।

साथै लकडाउन पुर्ण रुपमा लागु गर्ने अति आवश्यक काम बाहेक घर बाहीर ननिस्कन एवं नजिकै आइरहेको चैते दशैंको अवसरमा मेला, उत्सव,भेटघाट, भिड नगर्न नगराउनका साथै काचो मासु नखान तथा मासु राम्रो संग पकाएर मात्र खानहुन सम्पूर्ण गाउँपालिका बासीमा अनुरोध छ ।

गाउँपालिका भित्र कोरोना भाइरसको रोकथाम र नियन्त्रणका लागि बिपद् व्यवस्थापन समितिको आज बसेको बैठकले तपसिल निर्णयहरु गरेको हुँदा सम्बन्धित सबैमा जानकारी एवं कार्यान्वयनका लागि अनुरोध छ ।

१. बोगटान फुड्सिल गाउँपालिकाको वडा स्तरमा आपुर्ति ब्यवस्था सहज बनाउन सम्बन्धीत वडा अध्यक्षको संयोजकत्वमा समिति गठन गरी आवश्यक ब्यवस्था मिलाउन वडाध्यक्षलाई निर्देशन दिने ।

२. रोजगारीको अभावमा दैनिक गुजारा चलाउन नसक्ने परिवारहरुको वडास्तरमा लगत संकलन गर्न वडाध्यक्षलाई जिम्मा दिने । साथै उक्त परिवारहरुलाई आवश्यक खाद्य सामग्री उपलब्ध गराउन विपद् ब्यवस्थापन समितिमा सिफारीस गर्ने ।

३. सम्बन्धित वडाध्यक्षले आवश्यक जनशक्ति परिचालन गरी विदेशबाट आएका ब्यक्तिहरुको विवरण संकलन गरी गाउपालिकामा रिपोर्टिङ्ग गर्ने ।

४. कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागी आवश्यक औषधी, उपकरण जस्ता आवश्यक सामग्री उपलब्ध गराउन सम्पूर्ण गैरसरकारी संस्थाहरुलाई अनुरोध गर्ने ।

५. भारतबाट आउने सम्पूर्ण ब्यक्तिहरुको अनिवार्य रुपमा कोरोना परीक्षण गरी पठाउने ब्यवस्थाका लागि सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेशलाई अनुरोध गर्ने ।

६. कोरोना भाइरस रोकथाम तथा नियन्त्रण सम्बन्धी आवश्यक सहयोग, समन्वय, ब्यवस्थापनका लागि स्वास्थ्य संयोजक श्री प्रेम बहादुर बोगटीलाई फोकल पर्सन तोक्ने ।

कुनै समस्या परे तपसिलका ब्यक्तिहरुको सम्पर्क नं.हरुमा सम्पर्क गर्नहुन सम्पुर्ण गाउवासीहरुमा अनुरोध छ ।

| क्र.सं. | नाम, थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | कमल बहादुर गडसिला | अध्यक्ष | ९८६८५६९६९७ |
| २ | भगवती देवी बम | उपाध्यक्ष | ९८६९५०९५८० |
| ३ | शंकर सुचिकार | प्रमुख प्रशासकिय अधिकृत | ९८५८४८५७९२ |
| ३ | डम्मर बहादुर घर्तिमगर | वडा अध्यक्ष वडा नं. १ | ९८६५९८६२८१ |
| ४ | कर्ण सिं बोहरा | वडा अध्यक्ष वडा नं. २ | ९८४६९८५१५३ |
| ५ | पुष्पराज जोशी | वडा अध्यक्ष वडा नं. ३ | ९८४८४७३५७० |
| ६ | दिप बहादुर बम | वडा अध्यक्ष वडा नं. ४ | ९८६५८८१७२३ |
| ७ | देब बहादुर बोहरा | वडा अध्यक्ष वडा नं. ५ | ९८४८६८७८४० |
| ८ | बिरेन्द्र बहादुर चन्द | वडा अध्यक्ष वडा नं. ६ | ९८४८६४२०२३ |
| ९ | देव बहादुर बम | वडा अध्यक्ष वडा नं. ७ | ९८६५७७४५०६ |
| १० | प्रेम बहादुर बोगटी | स्वास्थ्य संयोजक/फोकल पर्सन | ९८६८५४७९१० |
| ११ | कर्ण बहादुर चन्द | प्रेस सल्लाहकार | ९८५८४६६६६६ |

कमल बहादुर गडसिला
कमल ब. गडसिला